फोन नं ९८५७०६८५६८
mathagadhimun@gmail.com
www.mathagadhimun.gov.np

# माथागढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा

लुम्बिनी प्रदेश,नेपाल

मिति : २०८३/०४/०४

सूचना नं. ...४.........

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०४**

माथागढी गाउँपालिकाको मिति २०८३/०४/०१ गतेको निर्णयानुसार यस गाउँपालिकामा **मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालको** साझेदारीमा माथागढी गाउँपालिकामा द्वन्दपीडित व्यक्तिहरुको संक्रमणकालीन न्याय प्रक्रियामा गुणस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगमा समतामुलक पहुँचका माध्यमबाट मनोसामाजिक एकीकरण कार्यक्रमका **(PCCITJ)** लागि देहाय बमोजिमको पदहरुमा प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा आवश्यक जनशक्ति पदपुर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

*आवेदन फारम कार्यालयबाट वा वेबसाईट* **https://mathagadhimun.gov.np** *बाट उपलब्ध हुनेछ।*

| क.सं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१/०८३/०८४ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १(एक) | ▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेण्ट वा स्टाफ नर्स उत्तीर्ण वा साईक्लोजी/सोसल वर्क बिषयमा स्नातक तह **(Bachelor)** तह उत्तीर्ण ।<br>▪ स्थानीय उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ। यस पालिकाका योग्य उम्मेदवार नआएमा भौगोलिक सहजताका आधारमा अन्य स्थानमा रहेका सक्षम उम्मेद्वारलाई छनौट गर्न सकिनेछ।<br>▪ द्वन्द प्रभावित व्यक्ति वा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगको कामको अनुभव भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ।<br>▪ समुदायमा गएर स्वास्थ्यको काम गरेको तथा सोको प्रतिवेदन लेखन तथ्याङ्क/जानकारी संकलन सञ्चार सहयोजनको आवश्यक सिप भएको।<br>▪ स्थानीय सरकार तथा मानसिक स्वास्थ्य क्षेत्रमा काम गर्ने सरोकारवाला तथा संघ संस्थाहरुसँग समन्वय तथा कार्यगत सम्बन्ध राख्न सक्ने।<br>▪ प्रतिवेदन लेखन, तथ्याङ्क/जानकारी संकलन, संचार, सहजीकरण तथा संयोजनको आवश्यक सीप भएको |

O/C

प्रमुख प्रशासकीय अधिकृत

फोन नं ९८५७०६८५६८
mathagadhimun@gmail.com
www.mathagadhimun.gov.np

# माथागढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८३/०४/०४

| | | | | |
|---|---|---|---|---|
| | | | | ।<br>▪ कम्प्युटर सम्बन्धी ज्ञान भएको। |
| २ | ०२/०८३/०८४ | सामुदायिक मनोसामाजिक परामर्शकर्ता (स्वयंसेवक **Paid Volunteer**) | १(एक) | ▪ न्युनतम १० कक्षा, (SEE) वा सो सरह उत्तिर्ण गरेको।<br>▪ समुदायमा द्रन्द्ध पिडितहरुको सवालमा काम गरेको तथा मनोसामाजिक समस्याहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको व्यक्तिलाई प्राथमिकता दिइनेछ।<br>▪ द्वन्दपिडित परिवार र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ।<br>▪ आफुले गरेको कामको प्रतिवेदन वनाउने अनुभव भएको र दिइएको उत्तरदायित्व राम्रोसँग बहन गर्न कटिबद्ध हुनुपर्नेछ।<br>▪ स्पष्ट रुपले सञ्चार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको।<br>▪ स्थानीय स्तरमा क्लब, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था, वडा, स्थानीय सरकार तथा अन्य गैरसरकारी संस्थाबाट सञ्चालन भएको अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने सीप भएको हुनुपर्नेछ। |

- **परीक्षाको किसिमः** लिखित र अन्तरवार्ता ।
- **उमेदवारको उमेरको हदः** दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- **दरखास्त दस्तुरः** रु. ५००। (राजश्व बुझाउन नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खाता नं. ग १.१ माथागढी गा.पा. आन्तरिक राजश्व खाता २९३०१४०००००२४, राजश्व शिर्षक नं. १४२४ **परीक्षा शुल्क** मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखाबाट बुझाउन सकिनेछ)
- **आवेदन दिने अन्तिम मितिः** २०८३/०४/१८ गते कार्यालय समय भित्र, उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त बुझाउन सकिने छ ।
- **सेवा सुविधाः** मनोसामाजिक परामर्शकर्ताको हकमा सो तहको शुरु तलब स्केल बमोजिम र सामुदायिक मनोसामाजिक परामर्शकर्ताको हकमा गाउँपालिका सँगको सम्झौता बमोजिम हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

फोन नं ९८५७०६८५६८
mathagadhimun@gmail.com
www.mathagadhimun.gov.np

# माथागढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा
लुम्बिनी प्रदेश,नेपाल

मिति : २०८३/०४/०४

- कार्यक्षेत्रः माथागढी गाउँपालिका क्षेत्र भित्र ।
- **लिखित परीक्षाको पाठ्यक्रमः**

क) विज्ञापन नं. ०१/०८३/०८४ का लागि, पब्लिक हेल्थ नर्स र हेल्थ इन्सपेक्सन समूहको लागि लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रममा आधारित एक सय पूर्णाङ्कको वस्तुगत परीक्षा।

ख) विज्ञापन नं. ०२/०८३/०८४ का लागि सामान्य ज्ञान, कक्षा १० को सामाजिक अध्ययन र विज्ञान तथा प्रविधि विषयमा आधारित एक सय पूर्णाङ्कको वस्तुगत परीक्षा।

- **लिखित परिक्षाको मितिः** पछि प्रकाशित गरिनेछ ।

<u>पेश गर्नुपर्ने आवश्यक कागजातः</u>

- नेपाली नागरिकताको प्रतिलिपी थान १,
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी थान १,
- राजश्व बुझाएको सक्कलै रसिद,
- पासपोर्ट साइजको फोटो ३ प्रति,
- पूर्ण रुपमा भरेको आवेदन फारम,
- तालिम तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु,
- व्यक्तिगत विवरण (बायोडाटा) थान १,

थप जानकारीको लागिः मो.नं. ९८५७०७९११०, ९८५७०७९११६

०८३/४/४

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत